मिति २०७५/०२/१९ वैठक संख्याः १९

आज मिति २०७५/०२/१९ गतेका दिन यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| **नामथर** | **पद** |
|---|---|
| १) श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

१) श्री दुर्ग बहादुर राना

श्री विष्णु प्रसाद ढकाल

# देवघाट गाउँपालिका

**वैठक संख्याः** १९ **मितिः** २०७५/०२/१९

**प्रस्तावहरुः**

१) चट्याङ्गबाट क्षतिको राहत
२) जनप्रतिनिधिहरुको सुविधा
३) स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठन
४) बजेट तथा कार्यक्रम तर्जुमा समितिको गठन
५) अनुगमन तथा सुपरिवेक्षण समितिको गठन
६) जेष्ठ नागरिक परिचयपत्र वितरण अभियान
७) युवा स्वरोजगार उद्‍धम विकास कोष सञ्चालन नियमावली, २०७४
८) युवा स्वरोजगारका लागि उद्‍धम विकास कार्यक्रम सञ्चालन, २०७४
९) मर्मत संभार विशेष कोष सञ्चालन निर्देशिका, २०७५
१०) विद्यार्थी भर्ना अभियान तथा अध्ययन सहयोग कोष

**निर्णयहरुः**

१) देवघाट गाउँपालिका वडा नं. ४ मा चट्याङ्गबाट क्षति भएकाहरुको लागि निम्न व्यक्तिहरुलाई देहाय बमोजिम राहत दिने निर्णय गरियो ।
क) सन्तमान भुजेल देवघाट गा.पा. वडा नं. ४ रु. ५५,०००/-
ख) मन बहादुर गुरुङ देवघाट गा.पा. वडा नं. ४ रु. २०,०००/-
ग) स्यानी माया गुरुङ देवघाट गा.पा. वडा नं. ४ रु. २५,०००/- (मेडिकल समेत)

२) देवघाट गाउँपालिकको पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धमा गर्न बनेको नियमावली पारित गर्ने निर्णय गरियो ।

३) देवघाट गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सो को सन्तुलित वितरणको खाका तथा वजेट सीमा निर्धारण गर्न देहाय बमोजिमको स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति रहने छ ।
क) श्री दुर्ग बहादुर थापा - संयोजक
ख) श्री विमला थापा - सदस्य
ग) श्री याल बहादुर गुरुङ - सदस्य
घ) श्री पदम बहादुर गुरुङ - सदस्य
ङ) श्री बाल कुमारी परियार - सदस्य
च) श्री चन्द्र प्रकाश वि.क. - सदस्य
छ) श्री रमेश सुवेदी - सदस्य-सचिव

४) श्रोत तथा वजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको आयको प्रक्षेपण, वितरणको खाका र वजेट सिमामा आधारित भै स्थानीय तहको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्न देवघाट गाउँपालिकामा देहाय बमोजिमको वजेट तथा कार्यक्रम तर्जुमा समिति देहाय बमोजिम रहनेछ ।

क) श्री बिमला थापा - संयोजक
ख) श्री भिम बहादुर गुरुङ - सदस्य
ग) श्री पोल बहादुर आले - सदस्य
घ) श्री कृतिमान आले - सदस्य
ङ) श्री पदम बहादुर गुरुङ - सदस्य
च) श्री याल बहादुर गुरुङ - सदस्य
छ) श्री रमेश सुवेदी - सदस्य
ज) श्री बुद्धि प्रसाद भुसाल - सदस्य-सचिव

५) देवघाट गाउँपालिकाबाट सञ्चालित योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनका लागि निम्न अनुसारको अनुगमन तथा सुपरिवेक्षण समिति रहनेछ ।

क) श्री विमला थापा - संयोजक
ख) श्री याल बहादुर गुरुङ - सदस्य
ग) श्री यम कुमारी गुरुङ - सदस्य
घ) श्री रमेश सुवेदी - सदस्य
ङ) श्री बुद्धि प्रसाद भुसाल - सदस्य-सचिव

६) देवघाट गाउँपालिका अन्तर्गत रहेका ६० वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुलाई प्रत्येक वडामा ज्येष्ठ नागरिक परिचय पत्र वितरणका लागि सोही वडाका सामाजिक परिचालक, वडा सदस्यहरुलाई परिचालन गरी फारम संकलन गर्ने निर्णय गरियो ।

७) देवघाट गाउँपालिकाको युवा स्वरोजगार उद्धम विकास कोष सञ्चालन नियमावली, २०७४ पारित गर्ने निर्णय गरियो ।

८) देवघाट गाउँपालिकाको युवा स्वरोजगारका लागि उद्धम विकास कार्यक्रम सञ्चालन, २०७४ पारित गर्ने निर्णय गरियो ।

९) देवघाट गाउँपालिकाको मर्मत संभार विशेष कोष सञ्चालन निर्देशिका, २०७५ पारित गर्ने निर्णय गरियो ।

१०) विद्यार्थी भर्ना अभियान तथा अध्ययन सहयोगका प्रत्येक वर्ष विद्यार्थी भर्ना अभियान सञ्चालन गर्न र भर्ना अभियानबाट भर्ना भएका अति विपन्न छात्र-छात्राको अध्ययनमा निरन्तरता दिनको लागि आवश्यकता र अवस्था अनुसार सहयोग गर्नका लागि एक कोष स्थापना गर्ने निर्णय गरियो । उक्त कोषमा तपशिल अनुसारको रकम जम्मा हुने निर्णय गरियो ।

क) गाउँपालिकाबाट वार्षिक रुपमा गाउँसभाको निर्णयबाट विनियोजन हुने रकम ।

ख) गाउँपालिकाका जनप्रतिनिधिहरुबाट हरेक वर्ष स्वेच्छिक रुपमा जम्मा हुने रकम
तर, २०७४/०७५ को पहिलो ११ महिनाको तलवको २% रकम ।

ग) गाउँपालिकाका कर्मचारीहरुबाट स्वेच्छिक रुपमा जम्मा हुने रकम ।

घ) अन्य संघ, संस्था, शिक्षक, अभिभावक, चन्दादाता तथा अन्य जुन सुकै ईच्छुक व्यक्तिहरुबाट प्राप्त रकम ।